**राजस्व न्यायाधिकरण काठमाडौ**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री नरनाथ गिरी**
**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई**
**फैसला**
२०७६।०७७ सालको निर्णय नं. १२७
पुनरावेदन नं.०७५-RB-०१३९
**मुद्दाः- आयकर (२०६९/०७०) ।**

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.२, चौधरी हाउस, सानेपमा प्रधान कार्यालय रहेको सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.का अख्तियार प्राप्त ऐ.का नायव प्रबन्धक टिकाराज कार्की ............................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर ..........................................१<br>आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट काठमाडौ,......................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत
**शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।**
शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल ।
शुरु निर्णय मितिः २०७१/०३/०४

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको ठूला करदाता कार्यालय, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाता सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.ले आ.व. २०६९/०७० को आय आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार कर योग्य आय रु. ६०६७७९७९।७३ करयोग्य आय कायम गरी मिति २०७०/०९/२६ मा विवरण पेश गरेको।

२. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा कर लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाउने खर्च दावी भएको र सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि रु.६,२१,२२,३६४।७३ मात्र संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको नाममा मिति २०७१/०२/२० मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१/०२/२० मा जारी भएको सूचना करदाताले मिति २०७१/०२/२० मा बुझिलिई सोको प्रतिक्रिया सहितको लिखित जवाफ मिति २०७१/०२/२३ मा पेश गरेको।

४. आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करदाताको आ.व. २०६९/०७० को लागि रु. ६,२१,२२,३६४।७३ कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१/०३/०४ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७१/०३/०४ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०४/०४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले अप्रत्यक्ष खर्च अन्तर्गत विक्री वितरण खर्च तर्फ अन्य विज्ञापन खर्च **wall painting charge,** विभिन्न **exchange offer,** दशै तिहार लगायत चाड पर्वमा गरेका विभिन्न स्थानीय विज्ञापन खर्चहरुमा भएका खर्च भनी उल्लेख भएका शिर्षकमा दावी भएका खर्चहरुको विल भौचरहरु साथ खर्चका प्रमाणहरु संलग्न नभएको, व्यवस्थापन खर्च अन्तर्गत रिकभरी खर्च शिर्षकमा दावी भएको खर्चको कुनै वीजक भरपाई तथा प्रमाण पेश नभएको त्यस्तै मेस खर्च शिर्षकमा कर्मचारीहरुको **working lunch** अन्तर्गत

लेखिएको वास्तविक खर्च हो भनी दावी भएकोमा वील तथा भरपाई लगायत कुनै प्रमाणहरु संलग्न नभएकोले विपक्षी कार्यालयले खर्च कट्टी गर्न नमिल्ने भनी मिति २०७१/०३/०४ को निर्णय बदर गरी पाउँ भन्ने समेत जिकीर लिई करदाताको तर्फबाट मिति २०७५/०८/१६ मा पुनरावेदन पत्र दर्ता भएको ।

## ठहर खण्ड

७. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पुरावेदकका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ताद्वय श्री टिकाराम कार्की र मेघराज पोखरेलले पुनरावेदक करदाताले अप्रत्यक्ष खर्च अन्तर्गत विक्री वितरण खर्च तर्फ अन्य विज्ञापन खर्च wall painting charge विभिन्न exchange offer, दशै तिहार लगायत चाडपर्वमा गरेका विभिन्न स्थानीय विज्ञापन खर्चहरुमा भएका विल भौचर आदीको आधारमा भएको खर्च वास्तविक खर्च हो। रिकभरी खर्च कम्पनीको नीति अनुरुप ९० दिनभित्र भुक्तानी नउठेमा रिकभरिमा जान्छ। त्यस्तै **working lunch** अन्तर्गत खर्चको विल भौचरलाई समेत खर्च कट्टी गर्न नमिल्ने भनी शुरु कार्यालयबाट भएको निर्णय बदरभागी छ। उक्त निर्णय उल्टी गरी पुनराबेदकको पुनराबेदन जिकिर बमोजिम कायम भएको करयोग्य आयबाट पुनराबेदकले आयकर छुट पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. प्रत्यर्थी ठूला करदाता कार्यालय समेतको तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान उपन्यायाधीवक्ता श्री शम्भु कुमार बस्नेतले करदाताले खर्च अन्तर्गत विक्री वितरण खर्च अन्य विज्ञापन खर्च **wall painting**, विभिन्न **exchange offer** चाडपर्वमा गरेका विज्ञापन खर्च दशै तिहार लगायत चाडपर्वमा गरेका विभिन्न स्थानीय विज्ञापन खर्चहरुमा भएका विल भौचर आदीको आधारमा भएको खर्च वास्तविक खर्च हो भन्ने तथ्य प्रमाण पेश गर्न नसकेको, रिकभरी खर्च सम्बन्धमा करदाताले आफ्नो क्रेडिट पोलिसीमा कुनै नितिगत निर्णय समेत नगरी **Notes to account** मा सो सम्बन्धमा कुनै कुरा उल्लेख भएको समेत देखिदैन। त्यस्तै करदाताले कर्मचारीहरुलाई **working lunch** अन्तर्गत मेश खर्चमा लेखिएको र वास्तविक खर्च भनेपनि सो शिर्षकमा दावी भएका खर्चको विजक तथा भरपाई लगायत कुनै प्रमाणहरु संलग्न गरेको समेत नदेखिदाँ करदाताले लिएको जिकिर तथ्यपूर्ण मान्न नसकिने हुदां शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

९. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णय तर्फ विचार गर्दा पुनरावेदक सि.जी. इलेक्ट्रोनिक्स प्रा.लि.ले अप्रत्यक्ष खर्च विक्री वितरण **wall painting charge**, विभिन्न **exchange offer** दशै तिहार लगायत चाडपर्वमा गरेका विभिन्न स्थानीय विज्ञापन खर्चहरुमा भएको खर्च भनी उल्लेख गरेको उक्त शिर्षकमा दावी भएका खर्च रकमका भौचर साथ खर्चका प्रमाणहरु संलग्न नभएका, रिकभरी खर्चका सम्बन्भमा कुनै नीतिगत निर्णय नगरी **Notes to account** मा कुनै कुरा उल्लेख नभएको, त्यस्तै मेश खर्च अन्तर्गत कर्मचारीहरुलाई **working lunch** अन्तर्गत भएको खर्चलाई वास्तविक भनी जिकिर लिएको भएता पनि सो शिर्षकमा दावी भएका खर्च भौचर लगायत कुनै प्रमाण पेश हुन नसकेकाले करदाताले लिएको जिकिर तथ्ययुक्त मान्न सक्ने देखिएन ।

११. पुनरावेदक करदाताले अप्रत्यक्ष खर्च विक्री वितरण **wall painting charge**, विभिन्न **exchange** offer दशै तिहार लगायत चाडपर्वमा गरेका विभिन्न स्थानीय विज्ञापन खर्चहरुमा भएको खर्च भनी उल्लेख गरेको पाइयो। यसरी विभिन्न शिर्षकमा दावी गरेको खर्चहरुको पेश गरेको विल भौचर तथा प्रमाणहरुबाट स्पष्ट देखिदैन। उक्त शिर्षकमा दावी भएका खर्चका रकम अप्रत्यक्ष विक्री वितरण अन्तर्गत गरेको पाइयो। त्यस्तै रिकभरी खर्चका सम्बन्धमा करदाताले आफ्नो क्रेडिट पोलिसीमा कुनै नीतिगत निर्णय नगरी **Notes to account** मा सो सम्बन्धमा समेत कुनै कुरा उल्लेख नगरी उक्त शिर्षकमा दावी भएको खर्च आयकर ऐन,२०५८ को दफा १३ बमोजिम कट्टी गरेको मिल्ने देखिएन। मेश खर्च अन्तर्गत कर्मचारीहरुलाई **working lunch** अन्तर्गत भएको खर्चलाई वास्तविक भनी जिकिर लिएको भएता पनि कुनै आधार प्रमाण पेश गरेको देखिएन। व्यवस्थापन खर्च विक्री वितरण शिर्षकमा दावी गरेको पाइयो । working lunch अन्तर्गत मेस खर्चमा लेखिएको वास्तविक भनी जिकिर लिएको कुनै प्रमाण पेश गर्न नसकेकोले वास्तविक र तथ्यपूर्ण मान्न सकिन्न। व्यवस्थापन खर्च अन्तर्गत विविध खर्च वित्तीय विवरणको अनूसुची १० मा उल्लेख भएको खर्चलाई वास्तविक खर्च हो भन्ने प्रमाण पेश नभएकोले करदाताको जवाफ एवम पुनराबेदन जिकिरसँग समेत सहमत हुन सकिदैन ।

१२. माथि विवेचित आधारमा स्थायी लेखा नं.३०००४११२३ का पुनरावेदक करदाता श्री सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.को आ.ब.०६९/०७० को आयकर निर्धारणको सम्बन्धमा

ठूला करदाता कार्यालयबाट मिति २०७१।०३।०४ मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनराबेदकको पुनराबेदक जिकिर पुग्न सक्दैन ।

<u>तपसिल</u>

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------------------------------१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू----------२

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू---------------------------------३

नरनाथ गिरी

(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः- सनिता लामा

फाँटः- (ख)

इतिसम्बत २०७६ साल माघ २३ गतेरोज ५ शुभम..........................................